Education Quarterly Vol: 5, **DOI:** https://doi.org/10.3126/jeqtu.v5i1.76750

# स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशहरूको मूल्याङ्कन

**बुद्धराज खनिया**
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
**Email:** khaniya.br1@gmail.com

## लेखसार

*यो अनुसन्धान लेख त्रि.वि., शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीअनुसार स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशमा केन्द्रित छ । निर्दिष्ट पाठ्यांशमा समाविष्ट उद्देश्य र पाठ्यविषयलाई शैक्षणिक दृष्टिले विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । गुणात्मक ढाँचामा तयार पारिएको यस लेखमा विषय विज्ञका धारणा समाविष्ट छन् । प्रस्तुत लेखमा तथ्य सङ्कलन स्थलगत अध्ययन तथा पुस्तकालयीय कार्यबाट गरिएको छ । पुस्तकालयीय कार्यअन्तर्गत नेपाली आख्यान र नाटक, पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता काव्य र आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांश लिइएको छ भने स्थलगत अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटका आधारमा पाँच जना विषय विज्ञ छनोट गरिएको छ र उनीहरूसँग अर्धसंरचना प्रकृतिको अन्तरवार्ताका आधारमा पाठ्यांशसम्बन्धी तथ्य सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता काव्य र आधुनिक नेपाली निबन्ध र समालोचना पाठ्यांशका कुनै पनि उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग जोडिएका छैनन् । विषय विज्ञले भनेझैँ ती पाठ्यांशलाई भाषा शिक्षणसँग आबद्ध गरी परिमार्जन गर्नुपर्दछ भने नेपाली आख्यान र नाटकको पाठ्यांशमा मुख्य मुख्य उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग जोडिएको हुँदा उक्त पाठ्यांशलाई सामान्य परिमार्जनको आवश्यकता रहेको निष्कर्ष प्राप्त भएको छ । स्नातकोत्तर नेपाली शिक्षाका साहित्य सम्बद्ध सबै पाठ्यांशमा समाविष्ट उद्देश्य र पाठ्यविषयलाई सङ्कायअनुरूप शिक्षाशास्त्रीय स्वरूप दिनुपर्दछ ।*


**शब्दकुञ्जी :** प्रायोगिक पाठ्यविषय, शिक्षण सिकाइ, साहित्यिक विधा, सैद्धान्तिक पाठ्यांश ।

## परिचय

शिक्षण सिकाइका लागि सर्वप्रथम पाठ्यक्रम निर्माण गरिन्छ, त्यसपछि त्यसले निर्देश गरेबमोजिम शिक्षण प्रक्रिया अँगालिन्छ । यो प्रायः सबै शिक्षण संस्थाले अपनाउने प्रक्रिया हो । सम्बन्धित देश र संस्थाले लिएको नीति, विषयको प्रकृति एवम् तह र कक्षाअनुसार पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जोड दिइन्छ। यही सार्वभौम मान्यतालाई आत्मसात् गरी शिक्षाको संरचनाअनुसार नेपालका विश्वविद्यालयले पनि पाठ्यक्रम निर्माण गर्दै आएका छन् ।

नेपालको उच्च शिक्षाको प्रावधानअनुसार त्रिभुवन विश्वविद्यालय (त्रि.वि.), शिक्षाशास्त्र सङ्काय डीन कार्यालयले स्नातक तहदेखि विद्यावारिधि अनुसन्धान तहसम्मका विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सोबमोजिम त्रि.वि.ले स्नातकोत्तर तहमा सत्रप्रणाली (सेमेस्टर) बमोजिम नेपाली शिक्षाका पाठ्यांशहरू लागु गरेको छ । यसलाई चित्र एकमा यसरी हेर्न सकिन्छ :

**चित्र १.** *स्नातकोत्तर नेपाली शिक्षाका सत्रगत पाठ्यांश*




(स्रोत : डीनको कार्यालय)

चित्र १ मा देखाइएअनुसार नेपाली शिक्षा विषयतर्फ (अनिवार्य विषयबाहेक) जम्मा सत्र पाठ्यांशहरू रहेका छन् । चौथौ सत्रमा लागु गरिएका भाषिक सम्पादन कला, ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा र कोशविज्ञानका पाठ्यांशमध्ये कुनै एउटा पाठ्यांश छनोट गर्ने व्यवस्था छ। यसरी पठनपाठनका दृष्टिले स्नातकोत्तर तहमा नेपाली शिक्षाका विद्यार्थीले जम्मा पन्ध्र पाठ्यांश अध्ययन गर्दछन् ।

नेपाली भाषा पाठ्यक्रम-पाठ्यांश एवम् शिक्षणसम्बन्धी सैद्धान्तिक चर्चा भए तापनि नेपाली शिक्षाका पाठ्यक्रम-पाठ्यांशसम्बन्धी त्यति अध्ययन अनुसन्धान भएको पाइँदैन । पौडेल (२०६७) ले तीन बर्से बिएड नेपालीका पाठ्यांशहरूको स्तम्भगत विश्लेषण गरेका छन् । त्यस्तै खनिया (२०७९, २०८० क) ले क्रमशः स्नातकोत्तर र स्नातक तहका नेपाली शिक्षाका पाठ्यांशहरूको अध्ययन गरेका छन् । यस पृष्ठभूमिमा कोर्डी र कुसा (सन् २०१८) ले शैक्षणिक कार्यक्रम वा कुनै पक्षविशेषलाई यथावत् राख्ने, परिमार्जन गर्ने वा बन्द गर्ने भन्ने निर्णय लिनका लागि मूल्याङ्कन गर्न आवश्यक पर्छ भनेझैँ विभिन्न दृष्टिबाट स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशहरूको अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ । स्नातकोत्तर नेपाली शिक्षाका साहित्यिक पाठ्यांशहरूको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको यस लेखमा नेपाली आख्यान र नाटक, पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता काव्य तथा आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांशमा समाविष्ट उद्देश्य र पाठ्यविषयलाई भाषा शिक्षण सिकाइका दृष्टिले लेखाजोखा गरिएको छ ।

पाठ्यक्रम शिक्षण सिकाइको प्रारूप हो । यस सन्दर्भमा टिच (सन् २००८) ले पाठ्यक्रमलाई सिक्ने सिकाउने कुराको योजना, त्यसको कार्यान्वयन र मूल्याङ्कनका रूपमा तथा रिचर्ड्स (सन् २०१३) ले शिक्षण सिकाइमा रूपान्तर गरिने समग्र योजनाका रूपमा व्याख्या गरेका छन् । पाठ्यक्रम योजना भन्नाले के र कुन क्रममा सिकाइन्छ भन्ने कुराको निर्णय गर्नँ हो (राजी निया र अन्य., सन् २०१३) । पाठ्यक्रम विकास शिक्षण सिकाइको योजना, विकास, कार्यान्वयन र मूल्याङ्कनसँग सम्बन्धित छ (लिलासोपवत, सन् २०२२) । यी भनाइबाट समय क्रममा पाठ्यक्रमलाई हेर्ने, बुझ्ने र प्रयोग गर्ने कुरामा परिवर्तन आएको स्पष्ट हुन्छ । डूँजिनिना र अन्य.(सन् २०१८) ले भनेझैँ पाठ्यक्रम योजना गतिशील र उच्चस्तरीय प्रक्रिया हो । यी सबै कुरा सम्बन्धित देश र संस्थाले लिने नीतिमा भर पर्छ । यस कुराको पुष्टि शाही र अन्य. (सन् २०२३) का भनाइबाट पनि हुन्छ । उनीहरू भन्छन् - "पाठ्यक्रम योजनामा भूमिका खेल्ने सबैभन्दा ठुलो र महत्त्वपूर्ण कारक तत्त्व नीति हो" (पृ.८५) । त्यसैले समाजको परिवर्तन, विश्व बजारको माग एवम् राज्यले लिएको नीतिअनुरूप पाठ्यक्रमको निर्माण र कार्यान्वयन गरिन्छ । यसरी तयार गरिएका पाठ्यक्रमले मात्र शिक्षण सिकाइको प्रक्रियालाई मार्गदर्शन गर्दछन् ।

समयक्रममा पाठ्यक्रमका विभिन्न सिद्धान्त, ढाँचा तथा नमुना विकास भएका छन् । यस सन्दर्भमा नेसन र म्याकालिस्टर (सन् २०१०) ले पाठ्यक्रम योजना प्रक्रियामा पाठ्यविषय र तिनको शृङ्खला, ढाँचा र प्रस्तुतीकरण, अनुगमन र मूल्याङ्कन गरी तीन भागमा विभक्त गरी विभिन्न सिद्धान्तहरूको चर्चा गरेका छन् । त्यसैगरी गोसपर र इफेन्टलर (सन् २०१४) ले एक्काइसौँ शताब्दीमा पाठ्यक्रमका नयाँ नमुना तयार गर्ने विषयक्षेत्र परिवर्तनशील विद्यार्थीको विवरण, प्रविधिको व्यापक प्रभाव र विधात्मक ज्ञानभन्दा बढी काम गर्न तयार स्नातकहरू उत्पादन गर्ने प्रक्रिया भएको बताएका छन् ।

सोतो (सन् २०१५) ले सामाजिक र शैक्षिक शक्तिले पाठ्यक्रममा पारेको प्रभावका बारेमा गरेको अध्ययनमा लक्ष्यको स्थापना, नमुना छनोट, तार्किक आधार, पाठ्यक्रमको उद्देश्य स्थापना, पाठ्यक्रमको आवश्यकताको

पहिचान, शैक्षणिक उद्देश्यको स्थापना, शैक्षणिक पद्धति र विधिको निर्णय, मूल्याङ्कन र पाठ्यक्रमको मूल्याङ्कनजस्ता चरणहरू पूरा गर्नुपर्ने निष्कर्ष निकालेका छन् । त्यसैगरी ढुजिनिना र अन्य. (सन् २०१८) ले गरेको अध्ययनमा पाठ्यक्रम गुणस्तर मूल्याङ्कन प्रक्रियामा शिक्षकलाई मात्र नभई विद्यार्थीलाई पनि समावेश गर्नाले पाठ्यक्रम योजनाको विकासमा मद्दत मिल्ने निष्कर्ष निकालेका छन् ।

म्यकफेयल (२०२१) ले पाठ्यक्रम विकासको प्रक्रियामा छनोट गरिएको विषयको मुख्य अवधारणा, पाठ्यविषयको निर्धारण र तिनको छनोट गरिएका मुख्य अवधारणा बिचको तुलना, अवधारणा र पाठ्यविषयलाई जोड्ने तत्त्व र ज्ञानको मूल्याङ्कनलाई करिकुलम डिजाइन कोहरेन्स (CDC) का चार तत्त्व मानेका छन् । त्यसैगरी आकास (सन् २०२३) ले गरेको एक अध्ययनमा स्तानबुलको राज्य विश्वविद्यालयमा अङ्ग्रेजी भाषा पाठ्यक्रमको मूल्याङ्कनबाट बोलाइ र लेखाइ सिपको विकासमा सो पाठ्यक्रम कम प्रभावकारी भएको देखाइएको छ ।

निउरे (२०७४) तथा भट्टराई र जिसी (२०७५) ले पाठ्यक्रमको सैद्धान्तिक चर्चा गर्दै टेलर (सन् १९४९) र टावा (सन् १९४९) का तार्किक नमुना, ह्विलर (सन् १९६७) एवम् निकोल्स र निकोल्स (सन् १९७२) का चक्रीय नमुना र वाल्कर (सन् १९७० को दशकको प्रारम्भ) र स्किलवेक (मि.न.) का गतिशील नमुनाहरू प्रस्तुत गरेका छन् ।

नेपाली भाषा शिक्षण तथा पाठ्यक्रमका सन्दर्भमा अधिकारी (२०६७ क), शर्मा र पौडेल (२०६८), ढुङ्गेल र दाहाल (२०७६) र खनिया (२०८० ख) ले केही सैद्धान्तिक चर्चा गरेका छन् । उनीहरूका अनुसार भाषा पाठशाला (१९५८) र स्रेस्ता पाठशाला (१९६२) स्थापना गरेर प्रारम्भ गरिएको नेपाली भाषाको औपचारिक शिक्षण दरबार स्कुल र एसएलसी बोर्ड स्थापना, २००८ सालमा गठन भएको नेपाली शिक्षा परिषद्, नेपाली राष्ट्रिय शिक्षा योजना आयोग २०११, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०३८, २०४९, २०५५, २०६४ साल हुँदै नेपाली भाषा शिक्षण तथा पाठ्यक्रमको निर्माण र परिमार्जनको शृङ्खला बढिरहेको छ । यस सन्दर्भमा पौडेल (२०६७) ले इलाहावाद विश्वविद्यालयले नेपाली भाषालाई दिएको मान्यता, त्रिचन्द्र कलेजको स्थापना, पटना विश्वविद्यालयले नेपालीलाई ऐच्छिक विषयका रूपमा दिएको मान्यताजस्ता प्रयासले नेपाली भाषा शिक्षणको विकासमा बल पुगेको बताएका छन् । नेपालमा त्रि.वि. स्थापना भएपछि उच्च तहमा नेपाली शिक्षण सिकाइका लागि पाठ्यक्रम निर्माण र परिमार्जनका निरन्तर प्रयासहरू भइरहेका छन् ।

उच्च शिक्षामा नेपाली भाषाका पाठ्यक्रमका सम्बन्धमा पौडेल (२०६७) ले त्रि.वि., शिक्षाशास्त्र सङ्कायका तीन बर्से बिएडअन्तर्गत साधारण नेपाली, ऐच्छिक नेपाली र थप ऐच्छिक नेपालीका पाठ्यांशहरूका प्रत्येक स्तम्भहरूको वर्णन विश्लेषण गरेका छन् । त्यस्तै खनिया (२०७९, २०८० क) ले क्रमशः स्नातकोत्तर र स्नातक तहको नेपाली शिक्षाका पाठ्यांशहरूको शैक्षणिक दृष्टिले मूल्याङ्कन गरेका छन् । उपर्युक्त अध्ययनले नेपाली शिक्षाका पाठ्यांशहरू शैक्षणिक दृष्टिले समयानुकूल बनाउनुपर्ने निष्कर्ष दिएको पाइन्छ ।

पाठ्यक्रमको परिभाषा, पाठ्यक्रम विकासका आधार, पाठ्यक्रमका सिद्धान्त तथा नमुना लगायत पाठ्यक्रमसम्बन्धी गरिएका अध्ययन अनुसन्धानका सामग्रीले पाठ्यक्रमको सैद्धान्तिक आधार, भएका अध्ययन एवम् अध्ययनको रिक्तताको स्पष्ट खाका निर्माण गरेको छ । यसले गर्दा यो लेख तयार गर्ने स्पष्ट आधार प्राप्त भएको छ ।

## उद्देश्य

प्रस्तुत लेखको प्रमुख उद्देश्य शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर नेपाली शिक्षा विषयका पाठ्यांशको शैक्षणिक दृष्टिले विश्लेषण गर्नु हो ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित छ । स्थलगत एवम् पुस्तकालयीय कार्यबाट तथ्य सङ्कलन गरिएको यस लेखमा स्नातकोत्तर तहको नेपाली शिक्षाका साहित्यसम्बद्ध नेपाली आख्यान र नाटक, पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता काव्य र आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांश छनोट गरी पुस्तकालयीय अध्ययनका आधारमा निर्धारित पाठ्यांशबाट तथ्यहरू लिइएको छ । एड्लर र क्लार्क (सन् २००६) ले गुणात्मक अध्ययनमा अनुसन्धान कर्ताले आफ्नो विवेक प्रयोग गरी उद्देश्यपूर्ण नमुना छनोट गर्न सक्ने बताएका छन् । सोबमोजिम नेपाली शिक्षाका उक्त पाठ्यांशसम्बन्धी तथ्य सङ्कलन गर्न नेपाली शिक्षा क्षेत्रमा अध्ययन अध्यापनमा लामो अनुभव हासिल गरेका चयनीय पाँच जना विषय विज्ञसँग उल्लिखित पाठ्यांशमा केन्द्रित भएर अर्धसंरचना प्रकृतिका अन्तरवार्ता लिई तथ्यहरू सङ्कलन गरिएको छ ।

स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशलाई विषय प्रकृतिका आधारमा प्रस्तुत गरी साहित्यसम्बद्ध पाठ्यांशहरूको व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा निर्धारित पाठ्यांशमा समाविष्ट उद्देश्य र पाठ्यविषयलाई शैक्षणिक दृष्टिले लेखाजोखा गरी निष्कर्ष निकालिएको छ । यसका लागि अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषयविज्ञको नाम उल्लेख नगरी सङ्केत सङ्ख्याका आधारमा उनीहरूको धारणा प्रस्तुत गरिएको छ । छनोट गरिएका पाँच जना विषय विज्ञहरूलाई विषय विज्ञ १, विषय विज्ञ २, विषय विज्ञ ३, विषय विज्ञ ४ र विषय विज्ञ ५ को सङ्केत गरी सन्दर्भअनुसार सबैका साझा धारणा प्रस्तुत गर्दै प्राप्त भिन्न धारणालाई आवश्यकताअनुसार अलग अलग पनि प्रस्तुत गरिएको छ ।


## नतिजा र छलफल

स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशप्रति विषय विज्ञले राखेका धारणाका आधारमा निर्धारित उद्देश्य र पाठ्यविषयलाई भाषासिकाइसँग जोडेर वर्णन विश्लेषण गरिएको छ ।

## स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशको प्रकृति

स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांशमा समाविष्ट पाठ्यविषय विभिन्न प्रकृतिका देखिन्छन् । विषयवस्तुको प्रकृतिका आधारमा स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशलाई चित्र दुईमा वर्गीकरण गरिएको छ । चित्र दुईमा देखाइएबमोजिम स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांश विषयवस्तुको प्रकृतिका आधारमा सैद्धान्तिक र प्रायोगिक गरी दुई किसिमका छन् । सैद्धान्तिकअन्तर्गत भाषाविज्ञान र साहित्यक विधासम्बन्धी पाठ्यांशहरू रहेका छन् । भाषाविज्ञान र त्यससँग सम्बन्धित भाषाविज्ञान, भाषाविज्ञानका प्रमुख सिद्धान्त, ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा गरी तीन पाठ्यांश रहेका छन् । साहित्यिक विधा र त्यससँग सम्बन्धित नेपाली आख्यान र नाटक, पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता र काव्य तथा आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांश रहेका छन् । त्यसैगरी प्रायोगिकअन्तर्गत प्रत्यक्ष भाषा शिक्षण सिकाइ र प्रायोगिक विषयवस्तु भएका दुई किसिमका पाठ्यांश रहेका छन् । भाषिक परीक्षण, नेपाली भाषा शिक्षण, भाषिक विधा शिक्षण, भाषिक अनुसन्धान विधि र भाषिक सम्पादन कलाका पाठ्यांश प्रत्यक्ष भाषा शिक्षण सिकाइसँग सम्बन्धित छन् भने प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र, सामाजिक र मनोभाषाविज्ञान र कोशविज्ञानका पाठ्यांश प्रायोगिक विषयवस्तुसँग सम्बद्ध छन् ।

**चित्र २.** *स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशको वर्गीकरण*



## स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांश

यहाँ साहित्यिक विधा र त्यससँग सम्बद्ध नेपाली आख्यान र नाटक, पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता र काव्य र आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांशलाई क्रमशः प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

नेपाली आख्यान र नाटक. यस पाठ्यांशमा नेपाली कथा, उपन्यास, नाटक र एकाङ्कीको सैद्धान्तिक परिचय, विकासक्रम, प्रमुख मोडहरू, धारा तथा मूल प्रवृत्ति एवम् विशेषता बताउन, निर्धारित कथाकार, उपन्यासकार र नाटककारहरूको परिचय एवम् प्रवृत्ति, निर्धारित कथा, उपन्यास, नाटक र एकाङ्कीको आस्वादन, बोध तथा विश्लेषण गर्न र नेपाली बालसाहित्यको विकास प्रक्रिया, प्रवृत्ति र निर्धारित बालसाहित्यकार र तिनका कृतिहरूको विवेचनासम्बन्धी उद्देश्य समावेश गरिएका छन् । त्यसैगरी निर्धारित कथा, उपन्यास, नाटक-एकाङ्कीका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न तथा निर्धारित कृतिहरूको शैक्षणिक उपादेयता बताउन एवम् भाषा शिक्षण र बालसाहित्यको सम्बन्ध देखाउन भन्ने उद्देश्य पनि राखिएका छन् ।

उल्लिखित उद्देश्य पूरा गर्न नेपाली आख्यान र नाटकको पाठ्यांशमा कथासिद्धान्त तथा आधुनिक नेपाली प्रतिनिधि कथाकार र तिनका कथाहरू, उपन्यास सिद्धान्त र प्रमुख आधुनिक नेपाली प्रतिनिधि उपन्यासकार तथा तिनका उपन्यासहरू, नाटक सिद्धान्त, प्रमुख आधुनिक नेपाली नाटककार र तिनका नाटक र बालसाहित्य सिद्धान्त र बाल साहित्यिक कृतिहरू समाविष्ट छन् ।

पूर्वीय र पाश्चात्य समालोचना. पूर्वीय र पाश्चात्य समालोचनाको पाठ्यांशमा काव्यपरिभाषा, काव्यप्रयोजन, काव्यहेतु, शब्दशक्ति, रससिद्धान्त, ध्वनिसिद्धान्त, अलङ्कार सिद्धान्त, रीतिसिद्धान्त, वक्रोक्तिसिद्धान्तका साथै परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रगतिवाद, अतियथार्थवाद, विसङ्गतिवाद, उत्तरआधुनिकतावाद, नीतिपरक समालोचना, समाजपरक समालोचना, लैङ्गिक समालोचना, पर्यावरणीय समालोचनाको परिचयसहित मान्यता बताउन-समीक्षा गर्न जस्ता उद्देश्य राखिएका छन् ।

उल्लिखित उद्देश्य पूरा गर्न पूर्वीय र पाश्चात्य समालोचनाको पाठ्यांशमा पूर्वीय साहित्यमा काव्य र शब्दशक्ति, रससिद्धान्त र ध्वनिसिद्धान्त, अलङ्कार सिद्धान्त, रीतिसिद्धान्त र वक्रोक्तिसिद्धान्त, प्रमुख साहित्यिक वादहरू (परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रगतिवाद, अतियथार्थवाद, विसङ्गतिवाद, उत्तरआधुनिकतावाद) तथा समालोचना (नीतिपरक, समाजपरक, लैङ्गिक र पर्यावरणीय) सम्बन्धी पाठ्यविषयहरू छनोट र स्तरण गरिएका छन् ।

नेपाली कविता र काव्य. यस पाठ्यांशमा पूर्वीय-पाश्चात्य मान्यताका आधारमा फुटकर कविता, खण्डकाव्य र महाकाव्यको सैद्धान्तिक परिचय, नेपाली कविता, खण्डकाव्य, नाट्यकाव्य र महाकाव्यको विकासक्रम, प्रमुख मोड तथा मूल प्रवृत्ति, निर्धारित कविका कवितात्मक प्रवृत्ति तथा तिनका कविताहरूको

विभिन्न दृष्टिकोणबाट विवेचना, निर्धारित काव्यकारहरूका काव्यात्मक प्रवृत्ति तथा तिनका खण्डकाव्य, नाट्यकाव्य र महाकाव्यको विभिन्न दृष्टिकोणले विवेचना, निर्धारित कविता-काव्यभित्रका विशिष्ट पङ्क्तिहरूको अलङ्कार विधान, विम्बविधान र छन्द वा लय विधानका दृष्टिले व्याख्याजस्ता उद्देश्यहरू राखिएका छन् ।

उल्लिखित उद्देश्य पूरा गर्न नेपाली कविता काव्यको पाठ्यांशमा कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम, निर्धारित कविहरूका कविता, गीत र गजलहरू, खण्डकाव्य, नाट्यकाव्य र महाकाव्यको सैद्धान्तिक स्वरूप, 'उर्वशी' खण्डकाव्य र 'अश्वत्थामा' नाट्यकाव्यको अध्ययन, महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको 'शाकुन्तल' महाकाव्यको विवेचनाजस्ता पाठ्यविषय समाविष्ट छन् ।

आधुनिक नेपाली निबन्ध र समालोचना. यस पाठ्यांशमा प्रमुख आधुनिक निबन्धकारका निबन्धगत प्रवृत्ति र तिनका प्रतिनिधि निबन्धको विभिन्न कोणबाट विश्लेषण गर्न, प्रमुख नेपाली नियात्राकारका विशेषता तथा तिनका निबन्धबारे विविध कोणबाट विवेचना गर्न, नेपाली हास्यव्यङ्ग्यात्मक निबन्धको परिचय दिई प्रमुख हास्यव्यङ्ग्यकारका प्रवृत्ति र निबन्धहरूको समीक्षा गर्न, नेपाली समालोचनाको विकासक्रम र प्रवृत्ति निर्धारण गर्न, प्रमुख नेपाली समालोचक र तिनका समालोचनात्मक प्रवृत्तिहरूको निरूपण गर्न जस्ता साधारण र विशिष्ट उद्देश्यहरू राखिएका छन् । त्यस्तै यसमा निर्दिष्ट निबन्ध, नियात्रा, हास्यव्यङ्ग्व्य निबन्धका विशिष्ट पङ्क्तिहरूको व्याख्यासँग सम्बद्ध विशिष्ट उद्देश्य पनि छन् ।

उल्लिखित उद्देश्य पूरा गर्न आधुनिक नेपाली निबन्ध र समालोचनाको पाठ्यांशमा निबन्ध सिद्धान्त, प्रमुख आधुनिक निबन्धकार र तिनका प्रतिनिधि निबन्ध, प्रमुख नेपाली नियात्राकार र तिनका निबन्ध, नेपाली हास्यव्यङ्ग्य निबन्धको अध्ययन, नेपाली समालोचनाको विकासक्रम र प्रवृत्ति तथा प्रमुख नेपाली समालोचक र तिनका समालोचनात्मक प्रवृत्तिहरू समाविष्ट छन् ।

विषय विज्ञको धारणाअनुसार साहित्यसम्बद्ध पाठ्यांश सम्बन्धित विषयवस्तुको पृष्ठभूमि निर्माणका लागि तयार गरिएको हो । विद्यार्थीमा विषयवस्तुको पृष्ठभूमि विकास गर्नका लागि सैद्धान्तिक पाठ्यांशको आवश्यकता पर्दछ । स्नातकोत्तर तहमा नेपाली शिक्षाका विद्यार्थीलाई विषयगत ज्ञान आवश्यक पर्ने भएकाले सैद्धान्तिक पाठ्यांश निर्माण गरिएको हो । यसमा तर विषयवस्तुको ज्ञान ज्ञानका लागि नभएर प्रयोगका लागि हुनुपर्छ भन्ने विज्ञहरूको धारणा छ । यस सन्दर्भमा विषय विज्ञ १ भन्छन् - "ज्ञान ज्ञानका लागि अन्य सङ्कायमा हुन सक्छ, हाम्रोमा ज्ञान प्रयोगका लागि हो ।" सैद्धान्तिक पाठ्यांशमा समाविष्ट पाठ्यविषय प्रायोगिक ढङ्गले प्रस्तुत गर्नुपर्दछ भन्ने सबै विषय विज्ञको एक मत देखिन्छ । यो कुरा नेपाली शिक्षाका पाठ्यांशमा पूर्ण रूपमा लागु नभए पनि आंशिक रूपमा लागु भएको पाइन्छ । विषय विज्ञ २ का अनुसार सैद्धान्तिक पाठ्यांशका मुख्य मुख्य पाठ्यविषय (एकाइगत) लाई भाषा शिक्षणसँग जोडेर नेपाली शिक्षाका पाठ्यांशलाई शिक्षाशास्त्रीय स्वरूप दिनुपर्छ । विज्ञ ४ ले भने प्रत्येक पाठ्यांशका सबै एकाइ वा पाठ्यविषयलाई भाषा शिक्षणसँग जोड्न आवश्यक नभएको राय दिएका छन् । उनले

भाषिक विधा शिक्षणको पाठ्यांशमा साहित्यिक एवम् साहित्येतर विधा-सामग्रीहरूलाई कसरी उपयोग गर्ने भन्नेबारे समग्रमा स्पष्ट गरेको हुँदा अन्य सबै पाठ्यांश-पाठ्यविषयलाई भाषा शिक्षणसँग जोड्न नपर्ने बताएका छन् ।

विषय विज्ञ ३ को धारणाअनुसार नेपाली शिक्षाका पाठ्यांशमा प्रयोग-शिक्षणलाई जोड दिनुपर्ने भएकाले सैद्धान्तिक पाठ्यांशमा विषयवस्तुको भार बढाउनु उपयुक्त हुँदैन । स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशमा सैद्धान्तिक विषयवस्तुलाई बोझको रूपमा नभई पृष्ठभूमि तयार हुने गरी सङ्गठित गर्नुपर्दछ । त्यसका लागि साहित्यका धेरै कृतिहरूभन्दा नमुनाका लागि प्रत्येक विधाबाट समसामयिक दुई-तीन कृतिहरू समावेश गर्नु उचित हुन्छ । उनका अनुसार आस्वादनका दृष्टिले साहित्यिक कृतिहरू अध्ययन गरेर तिनको समग्रता बोध गर्ने र हेर्ने हो । तत्त्वगत आधारमा साहित्यिक कृतिहरूको विवेचना गर्दा समग्र आस्वादनमा बाधा पुग्छ, तर विषय विज्ञ ५ भने नेपाली शिक्षामा पर्याप्त सैद्धान्तिक पाठ्यांश-पाठ्यविषय आवश्यक भएको बताउँछन् । उनका अनुसार विषयवस्तु कम हुँदा निविष्टि नपुग्ने भएकाले पर्याप्त सैद्धान्तिक पाठ्यविषय समावेश गर्नुपर्दछ । त्यसैगरी उनी अन्य सङ्कायका व्यक्तिहरूले शिक्षाशास्त्रका व्यक्तिहरू विषयवस्तुमा कमजोर हुन्छन् भन्ने आलोचना अझ बढ्ने हुँदा पनि पर्याप्त सैद्धान्तिक विषय आवश्यक रहेको बताउँछन् । यस सन्दर्भमा विषय विज्ञ ४ ले समसामयिक, उपयोगी र शिक्षाशास्त्रीय पाठ्यांशहरू निर्माण गर्नुपर्ने तर्क राखेका छन् । विषय विज्ञका समग्र धारणा हेर्दा साहित्यसम्बद्ध पाठ्यांशलाई शिक्षार्थीपरक हुने किसिमले प्रायोगिक बनाउनुपर्ने देखिन्छ ।

नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशमध्ये नेपाली आख्यान र नाटकको पाठ्यांशमा छनोट गरिएका कथा, उपान्यास र नाटक-एकाङ्कीहरूको शैक्षणिक उपादेयता एवम् बालसाहित्य र भाषा शिक्षणको सम्बन्ध तथा निर्धारित कृतिका विशिष्ट पङ्क्तिहरूको व्याख्या राखिएकाले यसलाई भाषा शिक्षण सिकाइका दृष्टिले उपयुक्त मान्न सकिन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासमा सहयोग पुऱ्याउनु, पठनबोध क्षमताको विकासमा पहल गर्नु, कथागत विधा स्वरूपको निर्देशित र स्वतन्त्र सिर्जना शक्तिको अभ्यास र विकास गराउनु, विविध विषय क्षेत्रका पारिभाषिक शब्द भण्डारको विकास गराउनु, भाषातात्त्विक विकासमा पहल गर्नु आदि कथा शिक्षणका प्रयोजन हुन् (शर्मा र पौडेल, २०७४, पृ. ४८) । यस अनुसार आख्यानसँग सम्बन्धित पाठ्यविषय व्यवस्थित हुनुपर्छ । पाठ्यांशका सन्दर्भमा अधिकारी (२०६७ ख) भन्छन् - रूपक कथ्य भाषासँग सम्बन्धित विधा भएकाले मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना, संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त हुन यस विधालाई उपयोगी बनाउन सकिन्छ (पृ. २०२) । त्यस्तै भावाभिव्यक्ति कुशलताको विकास गर्नु, अवसरानुकूल संवाद कलाको विकास गर्नु, विभिन्न परिस्थितिको ज्ञान गराउनु, स्वस्थ मनोविनोद गराउनु नाटक-एकाङ्की उद्देश्य हो (शर्मा र पौडेल, २०६७, पृपृ. २६३-२६४) । यस किसिमले नाटक-एकाङ्कीसम्बन्धी पाठ्यविषय छनोट र स्तरण गर्नुपर्दछ । उल्लिखित आधारको उपयोग गरी नेपाली आख्यान र नाटकको पाठ्यांश भाषा शिक्षण सिकाइका दृष्टिले सामान्य परिमार्जन गर्नुपर्ने देखिन्छ ।

पूर्वीय र पाश्चात्य समालोचना पाठ्यांशका कुनै पनि उद्देश्य र पाठ्यविषयलाई भाषा शिक्षणसँग जोडिएको छैन । यस पाठ्यांशमा केही वादहरूको नेपाली साहित्यमा प्रयोगजस्ता केही प्रयोगपरक पाठ्यविषयबाहेक सबै पाठ्यविषय विषयवस्तुमा केन्द्रित छन् । विद्यार्थीमा विश्लेषण शक्तिको संवर्धन गर्नु, विवेचनात्मक लेखन प्रवृत्ति विकास गर्नु गराउनु, साहित्यिक तत्त्वका आधारमा साहित्यिक कृतिहरूको आलोचना गर्नु, पूर्वीय-पाश्चात्य समालोचना पद्धतिसँग परिचित गराउनु साहित्य शास्त्र शिक्षणको प्रयोजन हो (शर्मा र पौडेल, २०६७, पृ. २७६) । यस किसिमले पूर्वीय र पाश्चात्य समालोचनाको पाठ्यांशलाई शैक्षणिक स्वरूप दिई परिमार्जन गर्नुपर्ने देखिन्छ ।

नेपाली कविता काव्यको पाठ्यांशका कुनै पनि उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग जोडिएका छैनन् । यस पाठ्यांशमा समाविष्ट सबै पाठ्यविषय कविता-काव्यका विषयवस्तुसँग सम्बन्धित छन् । सिकारुमा कविका भाव, सौन्दर्य र कल्पनालाई यथार्थमा रूपान्तरण गर्ने क्षमता बढाउनु, भावार्थ व्याख्या, सप्रसङ्ग व्याख्या, विवेचनात्मक क्षमता विकास गर्नु, कविताको स्वरूप र संरचनासित परिचित गराई कविता रचनामा अभिप्रेरित गर्नु कविता शिक्षणको प्रयोजन हो (लम्साल, २०७७, पृ. २८) । त्यसैगरी शर्मा र पौडेल (२०६७, पृ. ५९) ले भनेअनुसार विद्यार्थीलाई कवितात्मक ढाँचामा परिचित गराउनु र त्यसको आस्वादन गर्ने स्थिति सिर्जना गर्नु कविता शिक्षणको विशिष्ट प्रयोजन हो । कविताबाट विद्यार्थीको बौद्धिकता संवर्द्धन गर्न, उदात्त भावको विकास गर्न र कवितात्मक विशेषताहरूसँग परिचित गराउन मद्दत मिल्छ । सोही किसिमले उद्देश्य र पाठ्यांश मिलाई नेपाली कविताकाव्यको पाठ्यांश परिमार्जन गर्नुपर्दछ ।

नेपाली निबन्ध र समालोचनाको पाठ्यांशका कुनै पनि उद्देश्य र पाठ्यविषयलाई भाषा शिक्षण सिकाइसँग जोडिएको छैन । सबै पाठ्यविषय सम्बन्धित विषयवस्तुमा केन्द्रित छन् । गहन पठन र बोधका दृष्टिले निबन्ध उपयोगी ठानिन्छ । रचना शिल्प वा निबन्ध लेखन सिपको विकास गर्न, मौलिक र सिर्जनात्मक अभिव्यक्तिको विकास गर्न, निबन्धात्मक शैलीसँग परिचित गराउन निबन्धलाई उपयोगी बनाउनु आवश्य छ (अधिकारी, २०६७ ख, पृ. २०७) । यसअनुसार खनिया (२०७६, पृ. ६१) ले भनेबमोजिम रचना शिल्प र लेखन कलाको समुचित विकास गर्न, स्वतन्त्र विचार प्रस्तुत गर्ने सामर्थ्य बढाउन, शृङ्खलाबद्ध र सुसङ्गठित अभिव्यक्ति दिने क्षमता बढाउन, विभिन्न रचनाहरूलाई समीक्षणात्मक र विश्लेषणात्मक दृष्टिबाट हेर्ने क्षमताको विकास गराउन, भाषातत्त्वगत विशेषताहरूको पहिचान र तत्सम्बन्धी पक्षहरूमा अभ्यस्त हुन निबन्ध शिक्षण गराइन्छ । यसरी निबन्धसँग सम्बन्धित उद्देश्य र पाठ्यविषय संयोजन गर्नुपर्दछ । अतएव नेपाली निबन्ध र समालोचनाको पाठ्यांश भाषा शिक्षण सिकाइका दृष्टिले परिमार्जन गर्नुपर्ने देखिन्छ ।

## निष्कर्ष

यस आलेखमा त्रि.वि., शिक्षाशास्त्र सङ्कायअन्तर्गत सत्र प्रणालीअनुसार स्नातकोत्तर तहको नेपाली शिक्षाका साहित्य विधाका पाठ्यांशको व्याख्या विश्लेषण गरिएको छ । निर्धारित पाठ्यांशलाई विषयवस्तुको

प्रकृतिका आधारमा वर्गीकरण गरी भाषा शिक्षण सिकाइका दृष्टिबाट विश्लेषण गरिएको छ । यसअनुसार स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांश विषयवस्तुको प्रकृतिका आधारमा सैद्धान्तिक र प्रायोगिक गरी दुई किसिमका देखिन्छन् । सैद्धान्तिक पाठ्यांश पनि भाषाविज्ञान र साहित्यसँग तथा प्रायोगिक पाठ्यांश पनि प्रत्यक्ष भाषा शिक्षण सिकाइसँग र प्रायोगिक विषयसँग गरी दुई दुई किसिमका छन् ।

स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशमा नेपाली आख्यान र नाटकको पाठ्यांशका मुख्य मुख्य उद्देश्य र पाठ्यविषय भाषा शिक्षण सिकाइसँग सम्बन्धित छन् । पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता र काव्य, आधुनिक नेपाली निबन्ध र समालोचना पाठ्यांशका कुनै पनि उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग जोडिएका छैनन् र ती पाठ्यांश सम्बन्धित विषयवस्तुसँग मात्र सम्बद्ध छन् ।

निर्दिष्ट पाठ्यांशका सम्बन्धमा विषय विज्ञको धारणा प्रायः मिल्दो पाइन्छ भने केही पक्षमा फरक धारणा पनि रहेको छ । सबै विषय विज्ञले नेपाली शिक्षाका पाठ्यांश सैद्धान्तिक र प्रायोगिक दुवै किसिमका हुनुपर्ने बताएका छन् । उनीहरूका अनुसार विषयवस्तुको पृष्ठभूमि निर्माणका लागि सैद्धान्तिक पाठ्यांश तयार गरिएको हो र गरिनुपर्दछ । नेपाली शिक्षामा भाषाविज्ञानका साथै साहित्यका सैद्धान्तिक पाठ्यांश राखिएको हो । विद्यार्थीमा पठनशीलता बढ्ने, शब्दभण्डारको विकास हुने एवम् विविध किसिमले भाषिक अभ्यास गर्न मद्दत गर्ने भएकाले पनि नेपाली शिक्षामा साहित्यका पाठ्यांशहरू निर्माण गरिएको हो । यी पाठ्यांशलाई शिक्षाशास्त्रीय स्वरूप दिएर भाषा शिक्षणसँग आबद्ध गर्नुपर्दछ । विषय विज्ञका अनुसार नेपाली शिक्षाका पाठ्यांशलाई विद्यालय र कक्षाकोठासँग जोडेर अझ बढी शैक्षणिक बनाउनुपर्ने धारणा राखेका छन् । साथै समयानुसार समसामयिक पाठ्यांश एवम् पाठ्यविषयहरू थप गर्दै लैजानुपर्छ । साथै, अन्य विश्वविद्यालय र विभागका पाठ्यक्रमहरू अध्ययन गरेर पनि नेपाली शिक्षाका पाठ्यांशलाई अद्यावधिक गर्नुपर्दछ ।

विषय विज्ञका धारणालाई समेत दृष्टिगत गर्दा मुख्य मुख्य उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग जोडिएको हुँदा नेपाली आख्यान र नाटकको पाठ्यांश सामान्य परिमार्जन गर्नुपर्ने हुन्छ भने कुनै पनि उद्देश्य र पाठ्यविषय भाषा शिक्षणसँग नजोडिएको हुँदा पूर्वीय र पाश्चात्य समालोचना, नेपाली कविता काव्य र आधुनिक नेपाली निबन्ध र समालोचनाका पाठ्यांश परिमार्जन गर्नुपर्ने हुन्छ । समग्रमा साहित्यसम्बद्ध सबै पाठ्यांशका मुख्य मुख्य उद्देश्य र पाठ्यविषयलाई भाषा शिक्षण सिकाइसँग जोड्दा नेपाली शिक्षाका पाठ्यांशमा शिक्षाशास्त्र सङ्कायको मर्म सम्बोधन हुन्छ ।

अधिकारी (२०६७ ख) का अनुसार प्रत्येक विधा एवम् उपविधाबाट केही न केही रूपमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषाका चारै सिपको विकास गराउनुपर्छ । ढकाल (२०७४) तथा लम्साल (२०७७) ले भाषिक सिप विकास गराउनु, शब्दभण्डारको विकास गराउनु, भाषातत्त्वको अभ्यास गराउनु, विश्लेषण गर्ने क्षमता विकसित गर्नु, पठनप्रति अभिरुचि बढाउनु, विधागत संरचनासँग परिचित गराउनु, कल्पना शक्तिको विकास गराउनु, विशिष्ट पङ्क्तिको व्याख्या गर्न सक्ने तुल्याउनु, साहित्यिक विधाबाट

रसस्वादन गराउनु आदि विधा शिक्षणको प्रयोजन हुनुपर्ने बताएका छन् । यसअनुसार विधा शिक्षण र भाषा शिक्षणको सम्बन्ध स्पष्ट हुन्छ । तसर्थ स्नातकोत्तर नेपाली शिक्षाका साहित्यसम्बद्ध पाठ्यांशहरूलाई भाषा शिक्षणसँग जोडेर पारिमार्जन गर्नुपर्दछ ।

यो अनुसन्धान लेख मूलतः शिक्षाशास्त्र सङ्काय, डीन कार्यालय र सोअन्तर्गतको नेपाली शिक्षाको विषय समितिलाई उपयोगी हुने छ । निर्धारित विषयको शिक्षण सिकाइमा संलग्न शिक्षक विद्यार्थीका लागि पनि यस लेखले मद्दत गर्ने छ । त्यसैगरी सम्बन्धित सरोकारवाला एवम् यस विषय क्षेत्रमा अध्ययन गर्नेहरूका लागि पनि यो लेख सहायक हुने छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०६७ क). *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७ ख). *नेपाली भाषा शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

आकास, एफ.डी. (सन् २०२३). एन इभ्यालुएसन अफ एन इङ्लिस ल्याङ्ग्वेज कोर्स गिभन भिया डिस्टेन्स एजुकेसन. *बर्टिन युनिभर्सिटी एजिटिम फ्याकल्टिज डेर्जिसी,* १२ (१), (पृपृ. ३० - ४६). https://doi.org/10.14686/buefad.927281

एडलर, ई.एस. एन्ड क्लार्क, आर. (सन् २००६). *इन्भाइटेसन टु सोसियल रिसर्च.* चेन्गेज लर्निङ इन्डिया प्रा.लि. ।

कोर्डी, एल. एन्ड कोस, एम. (सन् २०१८). अ कम्प्यारेटिभ इभ्यालुएसन अफ इरानियन इएलटी पिएचडी करिकुलम : रिएप्रेइजल अफ गोल्स, एड्मिसन क्राइटेरिया एन्ड कोर्स रिक्वायरमेन्ट्स इन इरान. *रिसर्च इन इङ्लिस ल्याङ्ग्वेज पेडागोजी,* ६ (२) (पृपृ. २९५ - ३२१).https://doi.org/10.30486/relp.2018.542709

खनिया, बुद्धराज र अधिकारी, रामकुमार (२०७६). *नेपाली भाषा शिक्षणको परिचय.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रालि ।

खनिया, बुद्धराज (२०७९). *स्नातकोत्तर नेपाली शिक्षाका पाठ्यांशको अध्ययन.* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुरमा प्रस्तुत लघु अनुसन्धान ।

खनिया, बुद्धराज (२०८० क). *स्नातक तहको नेपाली शिक्षाका पाठ्यांशको मूल्याङ्कन.* विश्वविद्यालय अनुदान आयोग, भक्तपुरमा प्रस्तुत लघु अनुसन्धान ।

खनिया, बुद्धराज (२०८० ख). *नेपाली भाषा शिक्षण.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

गोसपर, एम. एन्ड आइफेन्थलर, डी. (सन् २०१४). करिकुलम डिजाइन फर द ट्वान्टी फस्ट सेन्चुरी. मेरी गोस्पर एन्ड डर्क आइफेन्थलर (सम्पा.). *करिकुलम मोडल्स फर द ट्वान्टी फस्ट सेन्चुरी* (पृपृ १-१४). स्प्रिङ्गर ।

टिच. एल. (सन् २००८). द ल्याङ्ग्वेज करिकुलम : अ सोसियल कन्टेक्स्चुएल पर्सपेक्टिभ. *द ल्याङ्ग्वेज करिकुलम,* ४१ : २ (पृपृ १४७ - १८१). https://doi.org/10.1017/S0261444807004867

डूँजिनिना, एम., बेल्कोभा, एन., डोन्चेन्को, ई., लुइ, एफ. एन्ड मोरोजोभा, ओ. (सन् २०१८). करिकुलम डिजाइन इन प्रोफेसनल एजुकेसन : थेयरी एन्ड प्राक्टिस. https://doi.org/10.1051/shsconf/20185001046

ढकाल, शान्तिप्रसाद (२०७४). *नेपाली भाषा शिक्षण: परिचय र प्रयोग.* पिनाकल पब्लिकेसन प्रालि ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६). *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* एम् के.पब्लिसर्स ।

डीनको कार्यालय (२०७९). *एम.एड. नेपाली शिक्षाका पाठ्यांश.* त्रि.वि., शिक्षाशास्त्र सङ्काय ।

निउरे, ध्रुवप्रसाद (२०७४). *पाठ्यक्रम अभ्यास.* क्वेस्ट पब्लिकेसन ।

नेसन, आई.एस.पी. एन्ड म्याकलिस्टर, जे. (सन् २०१०). *ल्याङ्ग्वेज करिकुलम डिजाइन.* रट्लेज ।

पौडेल, माधवप्रसाद (२०६७). *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, होमनाथ र जि.सी., कृष्णबहादुर (२०७५). *पाठ्यक्रम अभ्यास.* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

म्याकफेयल, जी. (सन् २०१२). द सर्ज फर डिप लर्निङ : अ करिकुलम कोहरेन्स मोडल. *जर्नल अफ करिकुलम स्टडिज.* ५३ (४) (पृपृ. ४२०-४३४). https://doi.org/10.1080/00220272.2020.1748231

राजी निया, एम., अब्बास्पौर, ई. एन्ड जरे, जे. (सन् २०१३). अ क्रिटिकल रिभ्यु अफ रिसेन्ट ट्रेन्डस् इन सेकेन्ड ल्वाङ्ग्वेज सेलेबस डिजाइन एन्ड करिकुलम डिभलप्मेन्ट. *इन्टरनेसनल जर्नल अफ रिसर्च स्टडिज इन ल्याङ्ग्वेज लर्निङ.* २ (२) ) पृपृ. ६३ - ८२) ।

रिचर्ड्स, जे. सी. (सन् २०१३). करिकुलम अप्रोचेज इन ल्याङ्ग्वेज टिचिङ : फरवार्ड, सेन्ट्रल एन्ड ब्याकवार्ड डिजाइन. *आरइएलसी जर्नल,* ४४ (१), (पृपृ ५-३३). https://journals.sagepub.com/doi/10.1177/0033688212473293

लम्साल, रामचन्द्र (२०७७). *भाषिक विधा शिक्षण.* सनलाइट पब्लिकेसन ।

लिलासोपवत, आर (सन् २०२२). अ स्टडी अफ थिङकिङ बेस्ड करिकुलम डिजाइन इन इम्प्रुभिङ इन्टऱ्याक्सनल कम्पिटेन्स फर इएफएल इन थाइ कन्टेक्स्ट : अ केस स्टडी. https://www.proquest.com/dissertations-theses/study-thinking-based-curriculum-design-improving/docview/2761022852/se-2

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७). *नेपाली भाषा र साहित्य शिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८). *नेपाली भाषा शिक्षणका सन्दर्भहरू.* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४). *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* (दोस्रो संस्क.). विद्यार्थी पुस्तक भण्डार ।

शाही, आर, खन्य, आर एन्ड सोजा, एल (सन् २०२३). इएलटी करिकुलम एन्ड पोलिसिः अ सिस्टेमेटिक रिभ्यु अफ द रिसेन्ट रिसर्च लिट्रेचर. *जर्नल अफ ल्याङ्ग्वेज होराइजन,* ७ (२), (पृपृ. ८३-११७). https://doi.org/10.22051/lghor.2022.37998.1573

सोतो, एस.टी. (सन् २०१५). एन एनलाइसिस अफ करिकुलम डिभलपमेन्ट. *थियरी एन्ड प्राक्टिस इन ल्याङ्ग्वेज स्टडिज,* ५ (६) (पृपृ.११२९-११३९). http://dx.doi.org/10.17507/tpls.0506.02